Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

**मानवअधिकार स्थिति अद्यावधिक**
**मिति : ०७२ भदौ २७**
**अन्तिम अपडेट : २१०० बजे**

## नयाँ संविधानको सपना पूरा हुने चरणमा

अन्ततः संविधानसभामार्फत संविधान बनाउने नेपाली जनताको वर्षौंदेखिको चाहना पूरा हुने चरणमा पुगेको छ । संविधानसभाको भदौ २७ गतेको बैठकले संविधानको परिमार्जित विधेयकका तीन ओटा धारा पारित गरेको छ । बैठकमा संविधानको परिमार्जित विधेयकमाथि दर्ता भएका संशोधन प्रस्ताव पारित गर्न गरिएको मतदान प्रक्रियाबाट ती धाराहरू पारित भएका हुन् ।

तीन ओटा धारालाई नेपालको संविधानको विधेयकको अङ्ग बनाइयोस् भन्ने प्रस्ताव बहुमत सभासद्बाट पारित भएको हो । पारित भएको धारा १, २ मा कुनै संशोधन प्रस्ताव परेको थिएन भने धारा तीन संशोधनसहित पारित भएको हो । संविधानसभामा हाल ५ सय ९८ जना सभासद् रहेका छन् । राप्रपा नेपाल पनि संविधान निर्माणमा प्रक्रियामा सहभागी भएपछि संविधानसभामा ५ सय ४० जना सभासद् संविधान जारी गर्ने प्रक्रियाका पक्षमा देखिएका छन् । यो सङ्ख्या प्रक्रियाको पक्षमा रहेका दलहरूको सङ्ख्या १९ पुगेको छ । अन्तरिम संविधानको धारा ७० को प्रावधानअनुसार संविधान पारित गर्नका लागि ३ सय ९८ जना सभासद् भए आवश्यक पर्ने दुई तिहाई बहुमत पुग्नेछ । प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूले संविधानसभाबाट बन्ने संविधानलाई अन्तर्राष्ट्रिय जगतले समर्थन गनुपर्ने बताएका छन् । नयाँ संविधानको परिमार्जित विधेयकमाथिको दफावार छलफलको अन्तिम दिन भदौ २७ गते सम्बोधन गर्दै शीर्ष नेताहरूले ऐतिहासिक आन्दोलनबाट प्राप्त गरेको परिवर्तन र उपलब्धीलाई संस्थागत गर्नका लागि संविधान निर्माण गर्न लागिएको भन्दै प्रजातन्त्रमा विश्वास गर्ने मुलुकहरूले संविधानसभाबाट निर्माण हुने संविधानलाई समर्थन गनुपर्ने बताएका छन् । मधेशी दलहरू संविधान निर्माण प्रक्रियामा सहभागी छैनन् ।

### उल्लेख्य

- मधेसी मोर्चाका कार्यकर्ताले राजविराज नपा-१ स्थित नेपाली काङ्ग्रेसको जिल्ला पार्टी कार्यालयमा भदौ २७ गते साँझ आगजनी गरेका छन् । आक्रोशित प्रदर्शनकारीले बन्द रहेको पार्टी कार्यालयको ढोका फुटाएर कार्यालयभित्र रहेको कुर्सी, टेबुललगायतका फर्निचरका सामानहरू बाहिर निकालेर आगजनी गरेको सप्तरी प्रहरीले जनाएको छ ।
- सिरहास्थित नेपाली काङ्ग्रेस तथा कृषि कार्यालय नजिक बाटोमा भदौ २७ गते प्रेसर कुकर बम फेला परेको छ । जिल्ला प्रहरी कार्यालय, सिरहाका डीएसपी माधवप्रसाद बुढाथोकीका अनुसार दिउँसो प्रेसर कुकर बम फेला परेको जानकारी पाएपछि नेपाली सेनाको बम डिस्पोजल टोलीले बम निष्कृय गरेको थियो ।
- स्थानीय प्रशासनले वीरगञ्जमा भदौ २७ गते अपरान्ह चार बजेदेखि बेलुकी सात बजेसम्मका लागि कर्फ्यू हटाएको छ । दिउँसो बसेको जिल्ला सुरक्षा समितिको बैठकले अपरान्ह चार बजेदेखि बेलुकी सात बजे सम्म तीन घण्टाका लागि मात्र कर्फ्यू हटाउने निर्णय गर्ने पर्साका सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीले जानकारी दिए ।
- सर्लाहीको कविलासी प्रहरी चौकी तोडफोड गरी आगजनी गर्न खोजेको आरोपमा गिरफ्तार भएका तमलोपाका सभासद् जङ्गीलाल रायसहित चारै जनालाई प्रहरीले रिहा गरेको छ ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- प्रहरी चौकीमा भदौ २६ गते तोडफोड गरेर आगजनी गर्न खोज्दा प्रहरीले सभासद् राय, तमलोपाका विनय कार्ण, अनिश साथी र विजय रायलाई सोही दिन राती रिहा गरिएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनाएको छ ।
- भदौ २३ गतेदेखि जलेश्वरमा जारी कफ्र्यू भदौ २७ गते बिहान तीन घण्टाका लागि खुलाइएको भए पनि बिहान ९ बजेदेखि अर्को सूचना जारी नहुन्जेलसम्मको लागि कफ्र्यू जारी रहेको प्रशासन कार्यालयले जनाएको छ ।
- कर्फ्यूका कारण समयमै अस्पताल पुर्‍याउन नसक्दा महोत्तरीमा एक गर्भवती महिलाको मृत्यु भएको छ । कोल्हुवा बगेया गाविस- ८ की निलम देवीको प्रसवको बेला समस्या हुँदा अस्पताल पुर्‍याउन नसक्दा मृत्यु भएको हो । गत बुधवारदेखि जलेश्वरमा लागेको कर्फ्यूका कारण स्थानीय कोही पनि उनलाई जलेश्वर अस्पताल ल्याउन नमान्दा उनको मृत्यु भएको उनका आफन्तले बताएका छन् ।
- गौर नगरपालिकामा लगाइएको कर्फ्यू उल्लङ्घन गर्दै मधेसी मोर्चाका कार्यकर्ताले भदौ २७ गते गौर नगरपालिका-८ कविरचोकमा प्रदर्शन गरेका छन् । सो क्रममा प्रहरी र प्रर्दशनकारीबीच झडप हुँदा प्रहरीले चलाएको गोली लागी पाँच जना प्रर्दशनकारी घाइते भएका छन् । घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेकोले थप उपचारका लागि बीरगञ्ज पठइएको छ । अन्य घाइतेहरूको जिल्ला अस्पताल गौरमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयका डीएसपी सुधिरराज शाहीले बताए ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline